म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १२५ शुक्रबार २९ मंसिर २०८० ने. सं. ११४४ थिल्लाथ्व 15 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

जुरीखेत मोटरसाइकल दुर्घटनामा एक युवाको मृत्यु

हेटौंडा, २८ मंसिर/मकवानपुरको भीमफेदी गाउँपालिका-६ जुरीखेतमा मोटरसाइकल दुर्घटना हुँदा एक युवाको मृत्यु भएको छ । दुर्घटनामा एकजना घाइते भएका छन् । मृत्यु हुनेमा मोटरसाइकल चालक हेटौंडा उपमहानगरपालिका-३ बसामाडी बस्ने २५ वर्षीय विकल सारुमगर रहेका छन् ।

प्रदेश ३-०२-००८ प ४२४० नम्बरको मोटरसाइकल अनियन्त्रित भई बुधबार राति दुर्घटना हुँदा विकल गम्भीर घाइते भएका थिए । उनको हेटौंडा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार दुर्घटनाका घाइते भएका मोटरसाइकलमा सवार अन्य एक जनाको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ ।

मकवानपुरमा एचआइभी एड्सका २८ नयाँ संक्रमित फेला

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/मकवानपुरमा सन् २०२३ को ११ महिनाभित्र एचआइभी एड्सका २८ जना नयाँ संक्रमित फेला परेका छन् ।

एचआइभी एड्स संक्रमित पहिचान गर्ने लक्ष्यभन्दा बढीको संख्यामा संक्रमित फेला परेको हो । हेटौंडा अस्पतालमा सेवारत् एन्टीरेट्रो भाइरल थेरापी (एआरटी) सेन्टरले मकवानपुरमा सन् २०२३ को ११ महिनाभित्रमा २८ जना नयाँ एचआइभी एड्सका संक्रमित फेला परेको जानकारी दिएको छ । एआर टीले २०२३ मा १३ जना संक्रमितको पहिचान गर्ने लक्ष्य लिएर परीक्षण थालेको थियो । एआरटी सेन्टरका परामर्श दाता अमृत लामिछानेले सन् २०२३ को जनवरीदेखि नोभेम्बर सम्मको ११ महिनामा २८ जना नयाँ संक्रमित फेला परेको जानकारी दिएका छन् ।

सरकारी निकाय र गैरसरकारी संस्था एड्स हेल्थ फाउण्डेशन-नेपालअन्तर्गत् को अस्पतालमा सेवारत् एआरटी सेन्टरले जिल्लामा एचआइभी एड्सको नियन्त्रण र परीक्षणमा काम गर्दै आएका छन् । सरकारी र गैरसकारी क्षेत्रबाट एड्सको नियन्त्रण प्रयासका बाबजुद संक्रमित घट्नुपर्नेमा बढिरहेको परामर्शदाता लामिछाने बताउँछन् । एड्स हेल्थ फाउण्डेशन-नेपालले बुधवार स्थानीय जनप्रतिनिधिसहित सरोकारवाला निकाय र बिहीवार प्रदेश र स्वास्थ्य क्षेत्रका सरोकारवाला निकायसँग एआचइभी एड्सबारे छलफल गरेको

छ । मकवानपुरमा एचआइभी एड्सको नियन्त्रण प्रयास, यसको औषधिउपचार, परीक्षण, संक्रमितको आत्मनिर्भरतालगायतको विषयमा सरोकारवालाबीच छलफल गरिएको हो ।

हेटौंडा अस्पतालमा एआरटी सेन्टरको निरन्तरता हुने भएको छ । १३ वर्षदेखि अस्पतालमा सेवारत् एआरटी सेन्टरले विगत ३ वर्षदेखि एचआइभी एड्सको क्षेत्रमा काम गर्दै आइरहेको हो । तीन वर्षमा एचआइभी संक्रमित बढिरहेका छन् । परामर्शदाता लामिछानेका अनुसार सन् २०२१ मा मकवानपुरमा ३५ जना नयाँ संक्रमित फेला परेका थिए । सन् २०२२ मा २६ जना संक्रमित फेला परेकोमा चालू वर्ष २०२३ को नोभेम्बरसम्म २८ जना नयाँ संक्रमित फेला परिसकेका छन् । ६६ जनाको लक्ष्य लिइएकोमा११ महिनाको अवधिमा ६४ जनामा एचआइभी परीक्षण गरिएको थियो । परीक्षण गरिएकामध्ये संक्रमित देखिएको प्रतिशत ४३ दशमलव ७५ प्रतिशत हो ।

मकवानपुरका २८ जना र चितवनबाट आएका दुईजना गरी ३० जनालाई औषधिउपचारको रुपमा एन्टीरेट्रो भाईरल थेरापी सेवा दिँदै आइरहेको एड्स हेल्थ फाउण्डेशन-नेपालका वरिष्ठ कार्यक्रम संयोजक कृष्णहरि सापकोटाले जानकारी दिए । उनका अनुसार मकवानपुर एआरटी मार्फत ३ सय जना संक्रमितले नियमित औषधि सेवन गर्दै आएका छन् । संक्रमण देखिएर पनि औषधि नखाने ५५ जना रहेका छन् । जिल्लामा एचआइभी एड्सका संक्रमित ३ सय जना भन्दा बढी रहेको अनुमान एआरटी सेन्टरको छ । हालसम्मको परीक्षणबाट ४ सय ९३ जना संक्रमित पत्ता लागे पनि ५० जना भन्दा बढीको मृत्यु भइसकेको र ५० जनाको हाराहारीमा संक्रमितहरु हराएको अनुमान छ ।

संक्रमण भएको खुल्ने डरले परीक्षण नै गराउन नचाहने धेरै रहेको पराशर्मदाता लामिछानेले बताए । 'यहाँ संक्रमित धेरै छन् । परीक्षण नै गर्न आउँदैनन् । संक्रमितहरु पनि औषधि खान आउँदैनन् । यसले एचआइभी सर्ने जोखिम बढाएको छ ।', उनले भने । हेटौंडा बजार क्षेत्र राजमार्गसँग नजिक रहेकाले, जनचेतना अभिवृद्धि हुन नसक्नु र संक्रमितले नियमित औषधि सेवन नगर्दा जिल्लामा एचआइभी संक्रमणलाई लक्ष्यअनुसार नियन्त्रण गर्न नसकिएको लामिछाने बताउँछ । राजमार्ग क्षेत्रमा खुलेआम हुने गरेका यौन धन्दाले एचआइभीको जोखिम बढाएको छ । हेटौंडाको राजमार्ग क्षेत्रमै रातको समयमा यौन धन्दा हुने गरेको छ । तर, सरकारी निकायले थाहा पाएर पनि यसको नियन्त्रण गर्न सकेको छैन ।

एआरटीले संक्रमितलाई आयआर्जनमा जोड्न सहयोग पनि गर्दै आएको छ । यसवर्ष हेटौंडाका १५ देखि २२ वर्षसम्मका दुईजना संक्रमित किशोरीलाई १५/१५ हजार रुपैयाँ सहयोग गरिएको लामिछानेले बताए । जसमा एक किशोरीले २ वटा बाख्रा खरिद गरेर आयआर्जन गर्न थालेको र एक किशोरीले प्राप्त रकम मादकपदार्थ सेवन गरेर सकेको एआरटी सेन्टरले जानकारी दिएको छ । संक्रमित किशोरी हेटौंडा बसपार्क क्षेत्रमै देखिँदै आए पनि नियन्त्रण गर्न कठिनाई भइरहेको सेन्टरले जनाएको छ ।

सरकारी तथ्यांक अनुसार नेपालमा अहिले ४० हजार ७ सय २३ जना मानिसमा एचआइभी भएको अनुमान गरिएको छ । तर, सरकारी सेवामा आएर परीक्षण गराउनेमा भने जम्मा २५ हजार २ सय २२ जना रहेका छन् । सरकारी सेवा बाहिर रहेका १५ हजार ५ सय १ एचआइभी संक्रमित कहाँ छन् भन्नेबारे स्वयम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई समेत थाहा छैन ।

राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रको पछिल्लो तथ्याङ्क अनुसार एचआइभी संक्रमितमध्ये आधा पनि नियमित उपचारमा आएर औषधि खाएको पाइँदैन । औषधि लिने बिरामीहरु पनि भटाभट बीचमै औषधि खान छाडी भाग्ने क्रम बढ्दै गएको छ ।

१७८ जनाको परीक्षण गर्दा २२ जनामा मोतियाबिन्दु

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/मकवानपुरको मनहरी-४ मसिनेस्थित पशुपतिनाथ मविमा बिहीबार अयोजित आँखा परीक्षण शिबिरमा एक सय ७८ जनाले आँखा परीक्षण गराएका छन् । बनकरिया, तामाङ, चेपाङ लगायत समुदायका आँखाका रोगीले आँखा परीक्षण गराएका थिए । हेटौंडा सामुदायिक आँखा अस्पतालका स्वास्थ्यकर्मीको टोलीले आँखा परीक्षण गरेको हो ।

रोटरी क्लब अफ मकवानपुर, रोट्याक्ट क्लब अफ हेटौंडाको समन्वयमा भएको आँखा परीक्षण शिबिरमा २२ जनामा मोतियाबिन्दुको रोगी फेला परेका छन् । मोतियाबिन्दु देखिएका २२ जनालाई शुक्रबार सामुदायिक आँखा अस्पताल हेटौंडामा निशुल्क शल्यक्रिया गर्ने तयारी भएको रोटरी क्लबका कार्यक्रम संयोजक उमाप्रसाद रौनियारले

बताए । मोतियाबिन्दुका कारण आँखा देख्न नसक्ने भएका ग्रामीण क्षेत्रका विपन्न बर्गका नागरिकलाई मोतियाबिन्दुको निशुल्क शल्यक्रिया गरिदिने रौनियारले बताए । शिबिरमा विद्यालयमा अध्ययनरत बालबालिकाले पनि आँखा परीक्षण गराएका थिए ।

रेटरीले क्लब मकवानपुरले जिल्लाका बिभिन्न ग्रामीण क्षेत्रमा निशुल्क आँखा परीक्षण सिबिर संचालन गर्दा मोतियाबिन्दुका रोगीको निशुल्क सल्यक्रिया गरेर सहयोग गरिरहेको रोटरी क्लबका निर्वाचित अध्यक्ष प्रकाश ढकालले बताए । पशुपतिनाथ मविमा संचालित आँखा परीक्षण शिबिरमा मनहरी-४ का वडाअध्यक्ष प्रकाश थापा, मनहरी गाउँ कार्यपालिका सदस्य मीरा खत्री, विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्य, विद्यालय व्यवस्थापन समिति अध्यक्ष माधव गौतम, रोटरी क्लब र रोट्याक्ट क्लबका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

बागमती प्रदेशसभा बैठक अनिश्चित

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/बागमती प्रदेश सभाको वर्षे अधिवेशन अन्त्य भएको २ महिना बितिसक्दा पनि हिउँदे अधिवेशन बोलाउने टुङ्गो लाग्न सकेको छैन ।

अर्थिक वर्ष२०८०/८१ को बजेट पारित गर्दा प्रतिपक्षसँग भएको सम्झौता र संसदीय समितिले पूर्णता नपाउँदा प्रदेशसभाको वर्षे अधिवेसनका बैठक समेत नियमित चल्न सकेको थिएन । गत असोज २२ गते बागमती प्रदेशसभा वर्षे अधिवेशनको अन्तिम बैठक बसेको थियो । त्यसपछि अर्को सुचना नभएसम्मको लागि बैठक स्थगित भएको सभा सभामुख भुवन पाठकले सदनलाई जानकारी गराएको भएपनि असोज २४ गते वर्षे अधिवेशन अन्त्य गर्ने निर्णय बागमती मन्त्रिपरिषद्ले गऱ्यो ।

बागमती प्रदेशप्रमुख यादवचन्द्र शर्मले नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम बागमती प्रदेश मन्त्रिपरिषद्बाट सिफारिस भई आएअनुसार प्रदेशसभाको १२ औं बर्षे अधिवेशन २३ गते (मंगलबार) मध्यराति १२ बजेदेखि अन्त्य गरेका थिए । वर्षे अधिवेशन अन्त्य भएको २ महिना बितिसक्दा पनि हिउँदे अधिवेशनको टुंङ्गो छैन । यो दुई महिनासम्म प्रदेशसभाका सदस्यहरु कामविहीन भएका छन् । प्रदेशसभा बैठक संचालन हुन नसक्दा सदस्यहरुलाई न बैठकको चटारो छ न त प्रदेशको राजधानी हेटौंडा आउने झन्कट व्यहोर्नु परेको छ ।

प्रदेशसभाको वर्षे अधिवेशनको बैठक पनि सरकार र प्रतिपक्षदलका कारण पटकपटक अवरुद्ध भएका थिए । गत असारमा प्रदेशसभाबाट बजेट पारित गर्ने समयदेखि प्रदेश सरकार दबाबमा पर्दै आएको छ भने त्यसपछिका बैठक समेत प्रभावित हुँदै आएका छन् । मुख्यमन्त्री जम्कट्टेले आर्थिक वर्ष २०८०/८१ को बजेट पारित गर्दा प्रमुख प्रतिपक्ष दल नेकपा एमाले र प्रतिपक्ष दल राप्रपासँग गरेको सम्झौता कार्यान्वयनमा नआएको विषयले सभा सञ्चालनमा पटकपटक समस्या भएको थियो । सरकार र प्रतिपक्ष दलबीचको आन्तरिक समस्या प्रदेशसभा बैठकमा प्रवेश भएपछि बैठक बस्न सकसपूर्ण हुँदै आएको छ ।

मेला हेर्न

बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०

पौष ५ गते देखि पौष १७ गतेसम्म

हेटौंडा-१०, टीसीएन चौर

स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१

हेटौंडा आऔं

मुख्य आकर्षणहरु :

-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्वारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत .घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित

प्रवेश शुल्क
विद्यार्थी :रू ५०
सर्वसाधारण : रू७०

मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा

आयोजक
औद्योगिक शान्ति नेपाल संस्था

साझाकुरा

हाम्रो कुरा

मुख्यमन्त्रीको पीडा

सामान्य नागरिकले मुख्यमन्त्री भनेको निकै शक्तिशाली व्यक्ति भनेर बुझेका हुन्छन् । मुख्यमन्त्री नै संघीय सरकारको बिरुद्धमा आन्दोलनमा उत्रनुपर्ने अवस्थाको समाचारले आम नागरिकमा तरङ्ग पैदा भएको छ । संवैधानिक अधिकार खोज्दै देशका सातवटै प्रदेशका मुख्यमन्त्रीदेखि गृहमन्त्रीहरु संघीय सरकारसँग वार्ता र छलफलमा जुटिरहेका छन् । १५-१६ असारमा पोखरामा मुख्यमन्त्रीहरुको अन्तर प्रदेश बैठक र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको राष्ट्रिय समन्वय परिषद्को बैठकमा प्रदेशले संवैधानिक व्यवस्थाअनुसार नपाएका अधिकारहरु बारे गहन छलफल भएको थियो । मुख्यमन्त्रीहरुले प्रधानमन्त्री प्रचण्डसँग संघीयता कार्यान्वयनको गतिरोध अन्त्य गर्नै भन्दै ६ महिने अल्टिमेटमसहितको एउटा निर्णय गरेका थिए । तर, मंसिर सकिनै लाग्दा पनि संघीय सरकार प्रदेशलाई संवैधानिक अधिकार दिन इच्छुक नदेखिएको भन्दै मुख्यमन्त्री फेरि तातिएका हुन् । पोखरामा भएको बैठकमा मुख्यमन्त्रीहरुले संघीय सरकारले आवश्यक कानुन नबनाउँदा प्रदेशहरुले काम गर्न नसकेको, योजना कार्यान्वयन र बजेट खर्च हुन नसकेको र प्रदेशको औचित्यमाथि नै प्रश्न उठेको भन्दै संघीयता कार्यान्वयनमा जोड दिन प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए । त्यहाँ विभिन्न ६ वटा निर्णय भएका थिए । तर, हालसम्म कुनै निर्णय कार्यान्वयनको चरणमा नपुगेकोले संघीय सरकारसँग छिनोफानो खोज्न हेटौंडामा सातै प्रदेशका मुख्यमन्त्रीहरु जुट्ने भएका छन् । आगामी १३ पुसमा हेटौंडामा मुख्यमन्त्रीहरुको बैठक हुने भएको छ ।

गण्डकी प्रदेश सरकारले बुधबार पोखरामा प्रदेश विकास समस्या समाधान समितिको बैठक राखेको थियो । नीति तथा योजना आयोगले गरेको कार्यक्रममा अध्यक्षता गरेका गण्डकीका मुख्यमन्त्री सुरेन्द्र पाण्डेमाथि स्थानीय तहका प्रमुख, उपप्रमुखहरुले संघीयता कार्यान्वयको निम्ति भइरहेको प्रयासबारे प्रश्न गरेका थिए । जग्गाप्राप्ति, कर्मचारी व्यवस्थापन, राजश्वका स्रोतमा अहिले पनि समस्या रहेको भन्दै राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा कुरा राख्न स्थानीय तहले आग्रह गरेका थिए । प्रदेश विकास समस्या समाधान समितिको बैठकले १३ पुसमा हेटौंडामा भेला गरेर साझा योजना बनाएर अघि बढ्ने नीति लिएको छ । संघीयता कार्यान्वयनका जटिलता फुकाउने भन्दै पोखरामा गण्डकी प्रदेशका मुख्यमन्त्री पाण्डेको नेतृत्वमा भएको समन्वय परिषद्को बैठकले विभिन्न समिति गठन गर्दै ६ महिनाभित्र संघीयताको गाँठो फुकाउने निर्णय गरेको थियो । ६ महिनाको समयसीमा पुस १५ गते सकिँदै छ । संघीय सरकारलाई दिएको अल्टिमेटम सकिन दुईदिन बाँकी हुँदा अर्थात १३ पुसमा हेटौंडामा मुख्यमन्त्रीहरुले भेला राखेका हुन् । हेटौंडामा बैठक राखेर छिनोफानो गर्न लागेको गण्डकीका मुख्यमन्त्री पाण्डेले बताएका छन् । निर्णय कार्यान्वयनमा संघले तदारुकता नदेखाएको पाण्डेको भनाई छ ।

बागमती प्रदेश सरकारे अधिकार मागदी यसअघि नै सर्वोच्च अदालतमा रिट निवेदन दिएको थियो । रिट निवेदनको सुनुवाई हुन सकेको छैन । प्रदेश प्रहरी समायोजनको विषयलाई लिएर बागमती सरकार संघ सरकारसँग रुष्ट छ । प्रदेशको पहिलो कार्यकालमा बागमतीको आन्तरिक मामिला तथा कानुनमन्त्री रहेका हालका मुख्यमन्त्री शालिकराम जम्कट्टेल प्रदेश प्रहरी समायोजनलगायतका अधिकारको विषयमा निरन्तर वकालत गर्ने नेतामा पर्छन् । तर, साढे ३ वर्ष कानुनमन्त्री भएका उनले प्रहरी समायोजनको विषयमा प्रदेशलाई अधिकार दिलाउन सकेका थिएनन् । उनै, जम्कट्टेलको नेतृत्वमा हेटौंडामा भेला राखेर अधिकारका लागि संघ सरकारसँग लड्ने मनस्थितिमा प्रदेश सरकारहरु पुगेको बुझिन्छ । संघीय सरकारले संघीयता कार्यान्वयनका लागि आवश्यक कानुन नबनाउँदा प्रदेशहरुले काम गर्न नसकेको, योजना कार्यान्वयन र बजेट खर्च हुन नसकेको र प्रदेशको औचित्यमाथि नै प्रश्न उठेको भन्दै मुख्यमन्त्रीहरुले बारम्बार आवाज उठाउँदै आएका छन् । मुख्यमन्त्रीहरुले दोहोरो अनुदान बन्द गर्ने, एउटै प्रकृतिको कामको लागि स्थापना भएका अलग, अलग संरचना हटाउने, तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपन हटाउने र तादात्म्यता कायम गर्ने विषयमा संघ सरकारसँग सहमति गरेका थिए ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मक्वानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५१८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५१९५०१
चिल्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७०५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३१९
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०४४०१
बडबारारी रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६८८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७४७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
महुद्दी नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर ३० गते शनिबार, १६ डिसेम्बर २०२३ । चतुर्थी, मार्ग शुक्लपक्ष । थिलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:४९, सूर्यास्त ५:०९ ।

आजको राशिफल

मेष	: प्रतिष्ठित काम गर्ने मौका छ	तुला	: सहयोगीको राम्रो साथ पाइनेछ
वृष	: आत्म-विश्वास बढ्नेछ	वृश्चिक	: रोकिएका काम बन्ने योग छ
मिथुन	: विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ	धनु	: लगानीको अवसर जुट्नेछ
कर्कट	: पारिवारिक जमघट हुनेछ	मकर	: यात्रा अघि बढ्न सक्नेछ
सिंह	: स्वादिष्ट भोजनको आनन्द मिल्नेछ	कुम्भ	: वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ
कन्या	: कामबाट फुर्सद मिल्नेछ	मीन	: छिमेकमा असमझदारी बढ्नेछ

संकल्प यात्रामा एमालेले गुमाएको अवसर

✍ ध्रुव लम्साल

'समृद्धिका लागि संकल्प यात्रा' नाम दिएर एमाले अहिले देश दौडाहा अभियानमा छ । अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा बैतडीको झुलाघाटबाट सुरु भएको यो यात्रा सम्पन्न हुने अन्तिम चरणमा छ ।

प्राय: पार्टीका शीर्ष नेतृत्व काठमाडौं केन्द्रित भइरहेको बेला नेतृत्व पंक्ति गाउँ-गाउँ/टोल-टोल पुरुन् आफैंमा राम्रो हो । यस्ता घटनाक्रमले पार्टी नेतृत्व र कार्यकर्ताबीच देखिएको अविश्वासको खाडल पुर्ने काम पनि गर्छ ।

तर दैनिक सयौं कार्यकर्ता अघि-पछि लगाएर सुरु गरेको संकल्प यात्राबाट एमालेले एउटा महत्वपूर्ण अवसर भने गुमाएको छ । भन्नलाई 'समृद्धिका लागि संकल्प यात्रा' भनिएपनि कार्यक्रमको तामझाम हेर्दा विगतका कार्यक्रममा भन्दा कुनै फरकपन देखिँदैन ।

कार्यकर्ता फूलका माला लिएर गौंडामा केही घण्टा उभिन्छन् नेता भेटेपछि माला लगाइदिन्छन् नारा लगाउँदै कोणसभा स्थलमा पुग्छन् नेतृत्वको एकोहोरो भाषण सुन्छन् र घर फर्किन्छन् । नेताहरुले पनि हरेक ठाउँको भाषणमा सरकारको आलोचनामा समय खर्चिदै आएका छन् ।

आम नागरिक अहिले नेताको भाषण सुन्न होइन । उनीहरुलाई प्रश्न गरेर जवाफ सुन्न चाहन्छ । विभिन्न न्युज पोर्टल र टेलिभिजन स्किनमा एमाले, माओवादी, कांग्रेस र मधेशवादी दलका नेताहरूको फरक-फरक कुरा आए पनि गाउँमा टाढा बसेको एउटा मान्छेले पुराना सबै दल र नेताको व्यवहार उस्तै देखिइरहेको छ ।

यदि साँच्चै एमाले नेतृत्वले भने जस्तै 'समृद्धिका लागि संकल्प यात्रा' बनाउन चाहेको भए अहिले भएकै खर्चमा कार्यक्रमलाई निकै भव्य बनाउन सक्थ्यो । यही कार्यक्रममा एमालेले केन्द्रीय, नेता, जनवर्गीय संगठनका नेता,

स्वयंसेवक गरेर दैनिक तीनसय जना भन्दा बढीलाई खटाएको छ ।

यी मध्ये हरेक क्षेत्रमा दैनिक २५ जनालाई जनताका कुरा सुनेर गुनासो टिपोट गर्ने जिम्मेवारी दिएको भए आम जनताका गुनासा नेतृत्वसम्म पुग्थ्यो । वास्तवमै मुलुकलाई समृद्ध बनाउने हो भने भाषण गरेर मात्रै हुन्न । कुन ठाउँको समस्या के हो त्यसको पहिचान गरेर समाधानका उपाय खोज्नुपर्छ । कुनै पनि समस्या पहिचानका लागि पहिला अध्ययन गर्नुपर्छ अनि मात्रै उपाय खोज्न सकिन्छ ।

एमालेले मानोस् नमानोस् आम नागरिकमा अहिले एक खालको आक्रोश छ । मुलुकमा भ्रष्टाचार बढ्नु, बेरोजगार बढ्नु र महँगी नियन्त्रण नहुनुमा कांग्रेस, माओवादी र एमाले नै मूल कारक हो भन्ने भाथ्य स्थापित भइसकेको छ । अहिले देखिएका बेथितिका सन्दर्भमा एमालेका नेताहरूको भाषण सुन्दा लाग्छ एमालेहरू यो सब समस्याको जड कांग्रेस-माओवादी हो भनेर उम्कने प्रयास गर्दैछन् तर, तल्लो तहका जनता एमालेले भन्दैमा नपत्याउने अवस्थामा पुगिसकेका छन् ।

धेरै कुरा छाडौं । अहिले धेरै स्थानीय तहमा एमालेकै मेयर, उपमेयरदेखि वडासदयसम्म निर्वाचित छन् । जहाँ आफ्ना पार्टीका जनप्रतिनिधि निर्वाचित छन् तिनका काम गर्ने शैली, जनतासँग तिनको सम्बन्ध, गुनासा र समस्या सम्बोधन जस्ता विषयमा सामान्य सर्वेक्षण गरेको भए पनि केही न केही नयाँ कुरा आउने थियो । जहाँको स्थानीय तहमा एमालेको नेतृत्व छैन, ती स्थानका जनप्रतिनिधि र एमाले कार्यकर्ताको सम्बन्ध कस्तो छ भन्ने विषयमा छलफल गर्न सक्थ्यो ।

अध्यक्ष केपी शर्मा ओलीले दोलालघाटमा माछा तार्दै गरेको तस्वीर सामाजिक सञ्जालमा भाइरल बनाउने नेता-कार्यकर्ताले सुनकोशी किनारमा स्थानीय माछाको दैनिक खपत कति हुन्छ ? ती माछा मार्नेहरुको आर्थिक अवस्था कस्तो छ भन्ने जानकारी राख्ने होलान् ? जनकपुर, चितवन वा भारतबाट कति माछा आउँछ ? जानकारी राखेको भए राम्रै हुन्थ्यो होला ।

पटक पटक खादा माला प्रयोग नगर्ने निर्णय गरेको नेतृत्वले सिन्धुपाल्चोकमा एक सय किलोको माला ग्रहण गर्दा कत्ति लज्जाबोध गरेन । एमाले नेतृत्वको गलामा देखिएको माला किसानले आफ्नै बारीमा फुलेका फूलबाट बनाएका थिए वा विदेशबाट आयात भएर सदर मुकामको बजारसम्म आइपुगेको फूलबाट किनेर बनाएका थिए ? यदि बारीमा थियो भने मंसिर अन्तिमसम्म पनि फूल किन किसानकै बारीमै रहएो ? यदि आयातित फुल थियो भने आफूलाई राष्ट्रवादी ठान्ने एमालेको यस्तो तामझाम केका लागि ? एमालेले सभा हुँदैछ भनेर कसैले फूल खेती पक्कै गरिदिएको थिएन होला ।

यो यात्रालाई एमालेले 'मिसन-८४' पनि भनेको छ । दोस्रो पटक प्रधानमन्त्री हुँदा अध्यक्ष ओलीले गोबर ग्यासदेखि पानीजहाज, सुरुङमार्ग समेतको उद्घाटन गरिसकेका छन् । घोषणापत्रमा लेखेकै कुरालाई आधार मान्ने हो भने अग्रगामी छलाङको सिद्धान्त अनुरूप एमालेले अबको घोषणापत्रमा अन्तरिक्ष यात्राको बारेमा लेख्नुपर्ने अवस्था छ । किनकि समृद्धिका लागि मुलुकमा केके आवश्यक हुन्छ सबै लेखिसक्यो । फेरि पनि गर्न नसकिने स्वादिला कुरा लेख्दैमा जनताले पत्याउँछन् ?

एनसेल, वाइडबडी, ओम्नी जस्ता प्रकरणमा एमाले सहित कांग्रेस, माओवादीका नेताहरू विभिन्न सन्दर्भमा जोडिइसकेका छन् । भ्रष्टाचारका सन्दर्भमा कांग्रेस माओवादीलाई गाली गर्दैमा एमालेले माफी पाउने अवस्था छैन ।

देशमा रोजगार नपाएर सुत्केरी श्रीमती बाबु-आमालाई जिम्मा लगाएर भविष्य खोज्दै खाडी हिंडेको छोराको बाबु होस् या स्नातक तहका लागि निजी कलेजमा ८ लाख तिर्नु भन्दा ८ लाख थपेर अष्ट्रेलिया पठाउनुमा फाइदा देख्ने अभिभावक गुनासै गुनासोका पोका बोकेर बसेका छन् । एमालेले 'मिसन-८४' मा ती रुष्ट अभिभावकले पनि 'मिसन-८४' नै भनिरहेको एमाले नेतृत्वले कहिले बुझ्ने ?

जे भए पनि नेताहरु शहर केन्द्रित भएको र जनताबाट टाढिएको गुनासो बढिर हेका बेला एमाले नेतृत्वले गाउँ पुगेको छ । चुनावदेखि चुनावसम्म शहरमै रमाउने नेतृत्व दलबलसहित भए पनि गाउँमा पुग्दा कार्यकर्ताभा एकबालको उत्साह पैदा भएको छ । झुलाघाटदेखि चिवाभन्ज्याङसम्म दुई हप्ते यात्राका क्रममा ठाउँ-ठाउँमा काउली, मुला, गोलभेंडा, कुखुरा बिक्री भयो । विभिन्न कारणले खाडीको भिसा नलागेर गाउँमै अल्झिएका किसानका लागि केही मात्रामा भए पनि स्थानीय उत्पादन गाउँमै खपत हुनु आफैंमा एउटा उपलब्धि हो ।

आउँदो पुस ५ गते विषेश कार्यक्रम गर्दै एमालेले यात्राको उपलब्धिको बारेमा व्याख्या गर्ने तिथि तय गरिसकेको छ । यो यात्रामा देखिएको भीडलाई असाध्यै ठूलो उपलब्धि मान्दै अघि बढ्यो भने 'मिसन-८४' मा शीर्ष तहका नेताहरु नै पराजित हुनेमा कुनै शंका छैन । आशा गरौं, अब एमालेले आफ्ना कुरा सुनाउने मात्रै हैन । जनताका कुरा सुन्ने पनि संस्कारको विकास गर्ने छ ।

(साभार: अनलाइनखबर)

किन बन्यो राष्ट्रिय सभा डम्पिङ साइट ?

✍ सञ्जीव कार्की

राष्ट्रिय सभा स्थायी प्रकृतिको व्यवस्थापकीय अङ्गका रूपमा परिकल्पना गरिएको एउटा निकाय हो । यसले प्रदेशहरूको न्यायोचित प्रतिनिधित्व, व्यवस्थापकीय शक्ति सन्तुलन तथा कार्यकौशलको सन्तुलनलाई सम्बोधन गर्ने अपेक्षा राखेको हुन्छ ।

सीमान्तकृत र लोपोन्मुख समुदायको पनि राष्ट्रको शासन व्यवस्थामा सहभागी गराई समावेशी लोकतान्त्रिक व्यवस्था स्थापना र विकासका लागि राष्ट्रिय सभालाई अपरिहार्य मानिन्छ । राष्ट्रिय सभा नेपालको सीय संसद्को माथिल्लो सदन हो भने प्रतिनिधि सभा तल्लो सदनको रूपमा चिनिन्छ । नेपालको संविधानको भाग ८ र ९ मा राष्ट्रिय सभाको प्रावधान उल्लेख गरिएको छ । राष्ट्रिय सभाको कुल सदस्य संख्या ५९ हुन्छ ।

हरेक प्रदेशबाट ८-८ जना निर्वाचित हुन्छन् भने ३ जनाको मनोनयन मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट गरिन्छ । राष्ट्रिय सभा सदस्यको कार्यकाल ६ वर्षको हुन्छ । हरेक दुई वर्षमा सदनका एक तिहाइ सदस्यको लागि निर्वाचन हुन्छ । यस पटक पनि राष्ट्रिय सभाका अध्यक्षदखि राष्ट्रपतिबाट मनोनीत एकसहित २० सांसदको पद आगामी फागुन २० गतेबाट रिक्त हुँदैछ । रिक्त हुने संख्यामा प्रमुख प्रतिपक्ष एमालेको सिटमा सत्ताबढ्ड गठबन्धन दलहरूले भागबण्डा गर्ने कसरत गर्दैछन् ।

एक महिनाअघि नै रिक्त स्थानमा पदपूर्तिका लागि माघ २१ मा निर्वाचन हुँदैछ । उक्त २० पदमा पुरन पार्टीहरूभित्र भागबन्डा, लुछाचुँडी र प्रतिस्पर्धा सुरु भइरहेको छ । आफ्ना नेताको नजिक हुनेदेखि, आफ्नो गुटको परि चालन हुँदै दृश्य अदृश्य रूपमा वैदेशिक मित्र शक्तिको आशीर्वाद र दबावसम्म आएको कुरा नेपाली राजनीतिमा नौलो विषय होइन । संसदीय चुनावमा टिकट दिन नसकेको राष्ट्रपति सभामुख र उपसभामुखलगायत पदमा उम्मेदवार दिंदा थुम्थुम्याएर राखेका विभिन्न आश्वासन दिएर राखेका पार्टीभित्रको गुट उपगुटको सन्तुलनका लागि राष्ट्रिय सभाको उम्मेदवार बनाउने प्रचलन बिलकुल गलत हो ।

जतिसुकै गलत मोरललेस भए पनि पार्टीहरूले उक्त पथ छोड्ने छैनन्, जसको सङ्केत देखिसकेको छ । कांग्रेसमा अध्यक्षको दाबीसहित २०७४ र २०७९ मा लगातार चुनाव हारेका कृष्ण सिटौला राष्ट्रिय सभा सदस्यको चुनावमा प्रत्यासी बन्न कम्मर कसेर लागेका छन् । गत वर्ष चुनावमा पराजित हुनेबित्तिकै सिटौला राष्ट्रपतिको दौडमा पनि सामेल हुन अनेक तिकडमबाजी गर्न कस्सिएका नेता हुन् ।

कांग्रेस नेता तथा पूर्वउपप्रधानमन्त्री गोपालमान श्रेष्ठ पनि अध्यक्षको आकांक्षासहित पार्टीको आन्तरिक प्रतिस्पर्धामा छन् । श्रेष्ठ पटक पटक मन्त्री भइसकेका र २०७९ मा समानुपातिकतर्फबाट उमेदवार बनेका नेता हुन् ।

उनले दुई महिनाअघि नै समानुपातिको सूचीबाट आफ्नो नाम हटाएर राष्ट्रिय सभाको सदस्य हुँदै अध्यक्ष बन्न च्यांखे थापिसकेका हुन् । कांग्रेसभित्र अर्का नेता सहमहामन्त्री फरमुल्ला मन्सुर पनि समानुपातिकबाट सांसद बन्ने रहर तुहिएपछि राष्ट्रिय सभा सदस्य बन्न प्रयत्नशील छन् । सदस्य बनेपछि राष्ट्रिय सभाको अध्यक्ष बन्ने उनको धोको देखिन्छ । पहुँच र सम्भावना कम भए पनि मन्सुर मुस्लिम अल्पसंख्यकको प्रतिनिधित्वका कारण यी तीनमध्येका उपयुक्त पात्र हुन् ।

राष्ट्रिय सभा गठनको उद्देश्य र विशेषता जुन किसिमको परिकल्पना गरिएको छ । त्यसको मर्म आत्मसात गर्न दलहरू पटक पटक चुकेका छन् । राष्ट्रिय सभालाई नेता व्यवस्थापनको थलो र आफ्नो दलगत स्वार्थको रूपमा मात्र दलहरूले उपयोग गर्ने गरेका कारण राष्ट्रिय सभाको पदपूर्तिको समयमा विभिन्न आकलन, आलोचना र विश्लेषण हुने गरेको छ । विधिसम्मत नैतिक मापदण्डसहित राष्ट्रिय सभाको मूल मर्मलाई अवलम्बन गरी यसको गठन प्रक्रियामा दलहरू जाँदा हुने सामान्य त्रुटि आलोचनाको विषय बन्छ भने नियतवश गरिने त्रुटि निर्मम आलोचना गरिने विषय हो ।

दलहरूको आजसम्मको अभ्यासले राष्ट्रिय सभामा नेताहरूको स्वार्थ व्यवस्थापन, गुट व्यवस्थापन, हारेका नेताहरूको व्यस्तस्थापन र आफ्ना मान्छेलाई रिझाउन पठाइने, पकेटका मान्छेलाई पठाउने कुराले लोकतान्त्रिक मर्मको खिल्ली उडाएको छ भने पाँडे पजनीको विधिले समावेशी र समानुपातिक प्रणालीप्रति वितृष्णा बढाउँदै लगेको छ । प्रतिनिधि सभा चुनाव हारेको पाँच वर्ष नपुग्दै र अरू स्थानीय निकायको बडामा हारेको व्यक्ति पनि राष्ट्रिय सभामा लगिने गरेको प्राक्टिस छ । नेताहरूको राजनीतिक जीवनको उत्तरार्धको समय अधिक सुखद र सम्मान योग्य रहोस् भनेर पनि राष्ट्रिय सभामा नेताहरू पठाउने परिपाटी बसेको छ । प्रथाको रूपमा विकास भएको परिपाटी अब अन्त्य गर्नुपर्छ ।

समयको चेत र राजनीतिमा नयाँ युवाको प्रवेश, वैकल्पिक राजनीतिको अवधारणा विकास भएको बेला पुराना पार्टीहरूले पनि युवालाई आकर्षण गर्न आफैंभित्रका वैकल्पिक शक्ति र साम्र्थ्यलाई स्थेश दिने प्रयास गर्नुपर्छ । दाँत फुक्लेका, सिङ झरेका, जुरो थाकेका मान्छे पठाउने कसरत गर्नु सर्वथा अनुचित हुन्छ । यसको मतलब उमेर नै बाधक र ज्येष्ठ नागरिक कजनप्रति अपमान होइन, बारम्बार र पटक पटक अवसर पाएका ज्येष्ठ नागरिकलाई पदरूपी घाँडो भिराएर जनताको नजरबाट गिर्न दिनु मनासिब हुँदैन । थुप्रै योग्यको स्थान समय र परिस्थितले अयोग्य मान्छेले ओगट्नु भनेको नयाँ पुस्ताप्रतिको घात हो । पार्टीभित्र परिवर्तन गरेर केही गरौं भन्ने हुटहुटी बोकेका पुस्ताको सपनामाथिको बज्रपात हो ।

२०७७ असोज १ गते तत्कालीन नेकपा र प्रधानमन्त्री ओलीले २०७४ मा चुनाव हारेका र धेरै पटक सांसद मन्त्री भएका बामदेव गौतमलाई राष्ट्रपति विद्यादेवी भण्डारीबाट राष्ट्रिय सभा सदस्य मनोनीत गरेर विधि र पद्धतिको शासनको उपहास गरेको थियो । आफ्ना मान्छे नियुक्त गर्ने नाममा सधैं अवसर पाएका नेतालाई माव अवसर दिनुले नेकपाको विधि र पद्धतिको अवमूल्यन गरेको थियो । यहाँ नियुक्त गर्ने नेताको मात्र होइन, नियुक्ति लिन जाने नेताको नैतिकतामा पनि क्षय भएको मानिन्छ । व्यक्तिले पनि लोकलाज र लोकतान्त्रिक मर्यादा राख्न नसक्दा नेताहरू अलोकप्रिय निर्णय गर्न बाध्य हुन्छन् । आफ्ना लागि हुँदा निष्ठा बच्ने र आफ्ना लागि नहुँदा निष्ठा सकिने नेताहरूको सोच पनि व्यवस्था माथिको प्रहारका आधारहरू हुन् । नेताहरूकै कार्यशैली र अक्षमताका कारण, लोकतान्त्रिक गणतन्त्रमाथि वर्षने तिखा तिखा प्रश्नहरूका कारण स्वयं नेताहरूको आचरण, व्यवहार निष्ठा र समर्पणमा आएको गिरावट पनि हो ।

जसरी बामदेव गौतमको राष्ट्रिय सभा नियुक्ति आलोचनाको विषय बन्यो त्यसै गरी नारायणकाजी श्रेष्ठको राष्ट्रिय सभा माथि पनि कम विवाद र प्रश्नको विषय बनेन । लोकतन्त्रमा पार्टीभित्र विवाद नदेखिए पनि पार्टीहरूले गर्ने गतिविधिमा सामाजिक स्वकृतिको अपेक्षा गरिन्छ । प्राय: पार्टीका गतिविधि सामाजिक बौद्धिक प्राज्ञिक सामाजिक स्वीकृति बेगर हुनाले पार्टीहरू समस्याग्रस्त बनेका छन् ।

पार्टी फुट र विभाजनमा जाने कारण पनि आन्तरिक लोकतन्त्र कमजोर र व्यक्ति सत्ताको हाबी भएको कारण देखिन्छ । २०७६ माघमा नारायणकाजी श्रेष्ठ पनि पार्टीमा कम विवादित बनेर निर्णय गराएर आए तर २०७४ को संघीय चुनाव हारेका श्रेष्ठको राष्ट्रिय सभा प्रवेश लोकतान्त्रिक विधि र नैतिकता उपरको अतिक्रमण र स्वार्थको उपकरणको रूपमा समाजमा चर्चा गरियो । आलोचनाको विषय बन्यो ।

लोकतान्त्रिक पद्धति भनेको नेता स्वयंको नैतिकता व्यहार आचरण र अर्को पुस्तालाई दिने उपयुक्त दृष्टान्त पनि हो । गलत ज्ञान र गलत दृष्टान्त दिनु नै नेताहरूको दिनचर्या भएको छ । अवसर जति आफू र आफ्नो वरपर मात्र केन्द्रित गर्ने, प्राप्त अवसरको समानुपातिक वितरण गर्न नजानेको र नगरेको कारण पार्टीहरूको परम्परागत शक्ति ह्रासोन्मुख भएको छ ।

२०४८ सालमा २०४६ मा बहुदलीय व्यवस्था प्राप्ति पछि २०४८ को चुनावपश्चात् गठन भएको राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्की वयोवृद्ध नेता थिए तर उनी लामोसमय पञ्चायतविरुद्ध लडेर प्रथम पटक अवसर प्राप्त अध्यक्ष थिए । त्यसैले उनको उमेर तत्कालीन अवस्था र परिवेशको लागि सामान्य र स्वाभाविक थियो । तर अब आज कृष्ण सिटौला, गोपालमान श्रेष्ठको उमेर कार्कीकै बराबर भए पनि देश, काल, परिस्थति, राजनीतिको लय फरक भएका कारण समान छैन । वृद्धाश्रम मात्र पनि होइन राष्ट्रिय सभा । विशिष्टता हासिल गरेका व्यक्तिहरूद्वारा राष्ट्रको लागि सोच्ने र चिन्तन गर्ने थलो हो राष्ट्रिय सभा ।

कहिल्यै र कुनै अवसरबाट वञ्चित तर क्षमतावानलाई उमेरको कारण रोकिनु हुन्न । तर सकेजति तर मरिसकेका र सबै अवसर बारम्बार लिइसकेका नेतालाई उमेर कटाउनेबाट, दिन गुजार्ने मेलोका रूपमा राष्ट्रिय सभाको सदस्यदेखि अध्यक्ष कुनै पनि पद अनुचित र अमर्यादित हर्कत हो । राष्ट्रिय सभालाई राजनीतिको बेकामे अखडा र डम्पिङ साइटका रूपमा दुरुपयोग गर्ने सोच र शैलीको हरेक दलभित्र अज र अहिल्यैदेखि निर्मम समीक्षा हुनु पर्छ । दलका कार्यकर्ता नेताका रैती, दास अथवा गोठाला होइनन् । सार्वभौम सम्पन्न पार्टीका बफादार सिपाही हुन् ।

पार्टीका कार्यकर्ताले अनुचित दबाब र प्रभावका विरुद्ध आलोचनात्मक चेतसहित उत्रनु पर्छ । पार्टी नेताहरूको हैकमले होइन पार्टीको लोकतान्त्रिक मूल्य, मान्यता, विधि, विधान र सुसंस्कृतिले चल्ने हो । कुनै पनि उमेदवार छोनेट, नियुक्ति आदिमा मापदण्ड निर्धारण गरेर अधिकतम मापदण्ड पूरा गर्ने उमेदार छान्ने प्रक्रिया निर्धारण गरिनु पर्छ । पारदर्शी, योग्यताक्रम निर्धारण भएको र क्षमतावान् कार्यकर्तालाई अवसर दिने, समानुपातिक, दलित, जनजाति, अल्पसंख्यक समुदाय, सीमान्तकृत वर्ग, महिला सहभगिता, समावेशी, भूगोल, लैङ्गिक अध्ययन आदिको समुचित प्रतिनिधित्व गर्न सक्ने मानदण्ड पार्टी चलाउने विधिहरू हुन् । समग्रमा अनुपस्थितिमा पनि उपस्थिति बोध हुने, भौतिक प्रतिनिधित्व नहुँदा पनि मुद्दा र विषयको प्रतिनिधित्वको आभास हुने प्रणाली र नेतृत्व लोकतान्त्रिक मानिन्छ ।

(साभार: रातोपाटी)

नक्कली शरणार्थी प्रकरण :

खाँणलाई ३० लाख धरौटीमा छाड्न उच्च अदालतको आदेश

काठमाडौं /नक्कली भुटानी शरणार्थी प्रकरणमा काठमाडौं जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाएका कांग्रेस नेता बालकृष्ण खाँण उच्च अदालतको आदेशमा रिहा हुने भएका छन् ।

बिहीबार उच्च अदालत पाटनका न्यायाधीश कृष्णराम कोइरालाले खाँणलाई २० लाख रुपैया धरौटी लिएर थुनामुक्त गर्न आदेश दिएका छन् ।

यसअघि १५ मंसिरमा उच्च अदालतका न्यायाधीश जनक पाण्डे र प्रकाश खरेलको इजलासले खाँणलाई पुर्पक्षका लागि थुनामा पठाउने वा धरौटीमा रिहा गर्ने भन्ने विषयमा निर्णय दिन सकेको थिएन ।

खरेलले खाँणलाई पुर्पक्षका लागि थुनामा पठाउने राय दिएका थिए भने न्यायाधीश पाण्डेले खाँणलाई ३० लाख रुपैयाँ धरौटीमा रिहा राय दिएका थिए । न्यायाधीश बीच राय बाझिएपछि उक्त मुद्दा उच्च अदालतकै तेस्रो न्यायाधीशको इजलासमा पठाइएको थियो । सोही मुद्दामा बिहीबार न्यायाधीश कोइरालाले पाण्डेको रायलाई समर्थन गरेपछि खाँण रिहा हुने भएका हुन् ।

बिहीबार न्यायाधीश कोइरालाले विभिन्न ६ वटा आधार देखाउँदै नक्कली भुटानी शरणार्थी प्रकरणमा खाँणको संलग्नताको अवस्था देखिएको भन्न नमिल्ने भन्दै धरौटीमा रिहा गर्ने आदेश दिएका हुन् ।

पहिलो आधार, बालकृष्ण खाँणले पकाउ परेपछि सरकारी वकिलको रोहबरमा प्रहरी र अदालतमा बयान गर्दा आफूमाथिको आरोप पूर्ण रुपमा इन्कार गरेका छन् ।

खाँणमाथि गृह मन्त्रालयमा पेश भएको भुटानी शरणार्थी सम्बन्धी प्रतिवेदन फेरबदल गरेको आरोप थियो । गृह मन्त्रालयका कर्मचारीहरुले बयानमा प्रतिवेदन कसरी फेरबदल भयो भन्ने थाहा नभएको बताएका थिए ।

गृह मन्त्रालयका तत्कालिन सचिव टेकनारायण पाण्डेले प्रतिवेदनमाथि मन्त्रीबाट चासो नदिएको भन्ने बयानलाई न्यायाधीश कोइरालाले धरौटीमा छाड्ने दोस्रो आधार बनाएका छन् ।

जिल्ला अदालत काठमाडौंले नक्कली शरणार्थी प्रकरणमा मुख्य आरोपित केशव दुलाल र टेकनारायण पाण्डेबीचको हवाटसएप संवादलाई पनि बालकृष्ण खाँणको संलग्नता देखिने आधार मानेको मान्दै थुनामा पठाउने आदेश गरेको थियो ।

उच्च अदालतका न्यायाधीश कोइरालाले उक्त संवादमा गिफ्ट भनेको रकम हो भन्ने पुष्टि नभएको तर्क गरेका छन् । त्यो र कम केशव दुलालबाट बालकृष्ण खाँणले लिएको भन्ने दाबीलाई केशव दुलालले नै इन्कार गरेको भनी धरौटीमा छुट्ने तेस्रो आधार बनाएका छन् ।

आदेशमा भनिएको छ, 'प्रतिवादी केशव दुलालले उक्त तथ्यमा इन्कार गर्दै आफूले प्रतिवादी बालकृष्ण खाँणलाई नभेटेको तथा निजलाई कुनै रकम नदिएको भनि उल्लेख गरेको ।'

केशव दलालले दोस्रो पटक प्रहरीसँग गरेको बयानमा टेकनारायण पाण्डेलाई एक करोड २५ लाख रुपैयाँ दिएको दावी गरेका थिए । तर पूर्वसभासद आङटावा शेर्पाले आरोप अस्वीकार गरेका थिए । यसलाई न्यायाधीश कोइरालाले खाँणको संलग्नता पुष्टि नहुने चौथो आधारका रुपमा उल्लेख गरेका छन् ।

आफू पकाउ परेपछि तत्कालिन सचिव टेकनारायण पाण्डेले बालकृष्ण खाँणका स्वकीय सचिव नरेन्द्र केसीलाई सम्बोधन गरी चिट लेखेका थिए । त्यो चिटमा बालकृष्ण खाँणको नाम उल्लेख नभएको भनी न्यायाधीशले खाँणलाई धरौटीमा रिहा गर्ने पाँचौ आधारका रुपमा राखेका छन् ।

प्रहरीको हिरासतकक्षमा रहँदा तत्कालिन गृहसचिव टेकनारायण पाण्डेको साथबाट डायरी र कलम बरामद भएको नदेखिनु उनलाई धरौटीमा छाड्ने आदेशको छैठौं आधार बनेको छ । यी छ वटा आधारमा न्यायाधीश कोइरालाले नक्कली शरणार्थी प्रकरणमा बालकृष्ण खाँणलाई थुनामै राख्नुपर्ने आवश्यकता नभएको निष्कर्ष निकालेका हुन् ।

आदेशमा न्यायाधीश कोइरालाले भनेका छन्, 'मिसिल संलग्न प्रमाणबाट प्रत्यक्ष रूपमा कसूरमा संलग्न रहेको अवस्थाको अभाव देखिंदा काठमाडौं जिल्ला अदालतबाट १ असार, २०८० मा थुनामा राखी पुर्पक्ष गर्ने गरी भएको आदेशलाई बेरीतको देखिँदा बदर गरी ३० लाख रूपैया जमानत लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने राय कायम गरिदिएको छ ।'

न्यायाधीश कोइरालाले यसअघि १५ मंसिरमा न्यायाधीश जनक पाण्डेले दिएको रायलाई नै पूरा समर्थन गरेका छन् र अन्तिममा 'मिसिल संलग्न प्रमाणबाट प्रत्यक्ष रूपमा कसूरमा संलग्न रहेको अवस्थाको अभाव देखिएको' भन्दै खाँण धरौटीमा रिहा हुने उल्लेख गरेका छन् । यसअघि न्यायाधीश पाण्डेले किन ३० लाख रुपैया धरौटी मागे भन्नेबारे आधार र कारण खुलाएका थिएनन्, न्यायाधीश कोइरालाले पनि तयसको कारण खुलाएका छैनन् ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा १५ मंसिरमा उच्च अदालतले पूर्वमन्त्री टोपबहादुर रायमाझीसहित १६ जनालाई भने पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । त्यस्तै भुटानी शरणार्थी नेता टेकनाथ रिजालसहित ६ जनालाई धरौटीमा छाड्न आदेश दिएको थियो ।

(स्रोत: अनलाइनखबर)

पूर्वमिस नेपाल श्रृंखलाले कसिन् लगनगाँठो

हेटौंडा, २८ मंसिर/पूर्व मिस नेपाल श्रृंखला खतिवडा वैवाहिक बन्धनमा बाँधिएकी छन् । बिहीबार उनले सञ्चार उद्यमी सम्भव शिरोहियासँग लगनगाँठो कसेकी हुन् ।

श्रृंखला र सम्भवको विवाह समारोह काठमाडौंको हयात होटलमा भएको हो । श्रृंखला र सम्भव वरवधुको पहिरनमा आकर्षक देखिएका छन् ।

विवाह समारोहमा दुवै पक्षको परिवार, आफन्तजनदेखि पूर्वमिस नेपालहरु पनि सहभागी छन् । श्रृंखलाको विवाहकै लागि भनेर हार्वर्ड विश्वविद्यालयका उनका सहपाठी अमेरिकादेखि काठमाडौं आएका छन् ।

श्रृंखला बेहुलीको राती पोशाक र दुबोको मालामा सजिएकी छन् । सम्भव नेपाली ढाकाटोपी र नेपालीपनको झल्को दिने बेहुलाको पोशाकमा देखिएका छन् । दुवै वर

वधु तस्वीरमा उन्मुक्त र प्रफुल्ल देखिन्छन् ।

केही दिन चलेको हल्दी, मेहेन्दी र संगीत सेरेमोनीपछि आज स्वयम्वर हुन लागेको हो । यी दुईले केही वर्षदेखिको प्रेम सम्बन्धलाई विवाहमा परिणत गरेका हुन् ।

श्रृंखला सन् २०१८ की मिस नेपाल विजेता हुन् । विश्व सुन्दरी प्रतियोगितामा श्रृंखला अन्तिम १२ मा प्रवेश गरेकी थिइन् । उनले त्यसबेला मिस वर्ल्डको महत्वपूर्ण विधा ब्युटी विथ पर्पस पनि जितेकी थिइन् ।

नेकपा एकीकृत समाजवादीका नेता विरोध खतिवडाकी छोरी श्रृंखला पेशाले इन्जिनियर हुन् । हेटौंडा घर भएकी उनले २८ बर्ष पार गरिन् । उनको जन्म २०५२ साल कार्तिक १७ गते ठूलो एकादशीको दिन हेटौंडा अस्पतालमा भएको थियो ।

कुन्साङ अबको सुपरस्टार: पूजा शर्मा

काठमाडौं /म्यूजिक भिडियोमा स्थापित कुन्साङ बम्जनले फिल्म 'दान्भी'बाट अभिनेताको रुपमा डेब्यूको मौका पाएका छन् । फिल्ममा उनको अपोजिटमा पूजा शर्मा छिन् । फिल्मको एक मात्र नायक भएकाले उनको चर्चा राम्रो हुने अनुमान गरिएको थियो । तर, पोस्टर र टिजरमा उनको उपस्थितिले निराश बनाउँछ । निर्देशक रुपेश तामाडले पूजालाई प्राथमिकता दिँदा कुन्साङ छायाँमा परेका छन् ।

बिहीबार सार्वजनिक टिजरमा उनको संवाद समेत छैन । र, उनको चरित्रलाई एकदमै लाचार देखाइएको छ । पूजा भने बलशाली देखिएकी छन् । महिला केन्द्रित फिल्म भएकाले पनि कुन्साङ 'टाइपकास्ट' भएका हुनसक्छन् । टिजरमा छायाँमा परेका उनलाई पूजाले भने अबको 'सुपरस्टार' भन्दै ढाडस दिएकी छन् । पहिलो फिल्ममै कुन्साङले गरेको मिहिनेतको उनले प्रशंसा गरेकी छन् ।

टिजर रिलिज कार्यक्रममा पूजाले भनिन्, 'कुन्साङले डेब्यू फिल्मका लागि एकदमै मिहिनेत गरेको छ । लभ सडमा त ऊ यसै राम्रो थियो । किनकि, उसले म्यूजिक भिडियोमा काम गरिसकेको छ । तर, एक्सनमा हिरोमा र अबको

सुपरस्टार चाहिँ म कुन्साङलाई देख्छु । उसले यो फिल्ममा एकदमै राम्रो काम गरेको छ ।' पूजाले आफ्नो खुलेर तारिफ गर्दा कुन्साङ नतमस्तक देखिएका थिए ।

टिजरमा पर्याप्त ठाउँ नपाउँदा पनि कुन्साङ खासै निराश देखिएनन् । टिजरमा 'दान्भी' के हो भन्ने मात्र देखाउन खोजिएको बताउँदै उनले फिल्मप्रति आफू विश्वस्त रहेको बताए । 'टिजरमा चाहिँ हामीले 'दान्भी' के हो भन्ने कुरालाई मात्र 'जस्टिफाइ' गर्न खोजेका हौं । फिल्मप्रति म 'कन्फिडेन्ट' छु । पूरा फिल्म हेरि सकेपछि म ओझेलमा परेको महसुस दर्शकहरुलाई हुँदैन,' उनी विश्वस्त सुनिए ।

पूजालाई भने अब एक्सन फिल्मको नशा चढेको छ । अर्को फिल्म पनि एक्सन गर्ने उनले निधो गरिसकेकी छन् । उनी भन्छिन्, 'म यसपछि पनि एक्सन फिल्म नै गर्ने हो । एक्सनमा छुट्टै मज्जा आउने रैछ । मलाई योभन्दा अझै दाम्भी एक्सन फिल्म गर्न मन छ । म आफै बनाउने तयारीमा छु । स्क्रिप्टको काम पनि हुँदैछ ।' उनले लभस्टोरीभन्दा एक्सन फिल्म गाह्रो हुने पनि अनुभव साटेकी छन् ।

सुर्ती खोज्दै पसल-पसलमा महानगरको अनुगमन, व्यवसायी असन्तुष्ट

काठमाडौं /सुर्तीजन्य पदार्थको बिक्री वितरणमा रोक लगाएको काठमाडौं महानगर पालिकाले बिहीबारदेखि पसलहरुमा अनुगमन सुरु गरेको छ ।

महानगरपालिकाले सुर्ती, खैनी, गुट्खा, पान परागजस्ता मुखमा राखेर रस लिने सुर्तीजन्य पदार्थको बिक्री वितरणमा रोक लगाएको छ । उक्त निर्णय कार्यान्वयन गर्न महानगर प्रहरीको टोलीले किराना पसल, पान पसल र चिया पसलमा अनुगमन सुरु गरेको छ ।

काठमाडौं महानगर पालिकाले यसै वर्ष जारी गरेको जनस्वास्थ्य ऐनको दफा ४२ मा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरणमा रोक लगाउन वा निषेध गर्न सक्ने व्यवस्था छ ।

उक्त व्यवस्था विपरीत सुर्तीजन्य पदार्थ बिक्री गरेको वा नगरेको अनुगमन गर्न महानगर प्रहरीको १०/१० जनाको समूह पूर्व, पश्चिम, मध्य र उत्तर क्षेत्रमा खटिएको छ । त्यस्तै एक टोली महानगरको केन्द्रबाट खटिनेछ । योबाहेक सादा पोशाकमा नगर प्रहरी र कर्मचारी पनि अनुगमनमा खटाएको छ ।

७ बोरा बरामद

काठमाडौं महानगर प्रहरीका कार्यावाहक प्रमुख विष्णु जोशीले पहिलो दिन ७ बोरा भन्दा धेरै सुर्ती र गुट्खा बरामद गरेको बताए । बिहीबार विहान महानगर प्रहरीले बालाजु क्षेत्रबाट २ बोरा, जडिबुटी, कोटेश्वर क्षेत्रबाट २ झोला र मध्य र पश्चिम क्षेत्रबाट ३ बोरा सुर्तीजन्य पदार्थ बरामद गरिएको छ ।

'आज लुकएको भएपनि भोलि बेचेको थाहा पाएमा कारवाही गरिहाल्छौं, नियमित अनुगमन भएपछि रोकिन्छ भन्ने सोचेका छौं', जोशीले भने । महानगर प्रहरीको टोलीले किराना पसल, पान पसल, होलसेल तथा साना चिया पसलहरुमा अनुगमन गरेको थियो ।

जसमध्ये धेरै पसलमा विहान सुर्तीजन्य पदार्थ भेटेपनि दिउँसो भने भेटिएको थिएन । 'हामी विहानै अनुगमन गर्दा धुपै भेट्यौं

तर दिउँसो भेट्दै भेटिएन । सायद अनुगमन सुरु भएको थाहा पाएर पनि हुनसक्छ', एक नगर प्रहरी अधिकारीले भने । अनुगमन टोलीसँग व्यवसायीहरुले सुर्तीजन्य पदार्थ नबेच्ने प्रतिबद्धता जनाएका छन् ।

खुशी खैनन् व्यवसायी

महानगरको नयाँ नियम बारे व्यवसायीहरुले मिश्रित प्रतिक्रिया दिएका छन् । 'हामीलाई बेच्न नहुने मात्रै थाहा छ, अब बेच्दैनौं पनि तर यो कति समयसम्म टिक्ने निर्णय हो, हेर्न बाँकी छ', सिनामंगलका एक व्यवसायी सिधोर साहले भने ।

महानगरले बारम्बार गरेको माइकिङ र फेसबुकमा देखेको सूचनाका आधारमा आफूले पराग र गुट्खा बिक्री गर्न छाडेको बताए । 'काठमाडौंमा मात्रै रोकेर हुँदैन, ललितपुर र भक्तपुरमा गएर खाइहाल्छन् नि' उनले भने ।

कोटेश्वरका व्यवसायी कपिल अर्यालले पनि उपत्यकाका अरु स्थानीय तहमा बिक्री गर्न पाइने नियम भएकाले काठमाडौं महानगर मा मात्र रोकेर धेरै असर नपर्ने बताए ।'काठमाडौंमा रोकेर ललितपुर र भक्तपुरलाई फाइदा हुने कुरा हो', उनले भने 'बरु कहाँ खान पाइने, कहाँ नपाइने भनेर तोकिदिएको हुन्छ ।'

व्यवसायी अरुण मालाकारले महानगरको नीतिले व्यवसायीलाई समस्या हुने बताए । 'बल्लतल्ल उठेको आर्थिक मन्दीको बेला पनि फेरि अनेक प्रतिबन्ध न्याउन खोज्दा समस्या त भइहाल्छ नि । धेरै जना साथीहरुले सटर झारिसक्नुभएको छ', उनले भने ।

महानगरपालिकाले सुर्ती, खैनी, पराग र गुट्खा बिक्रीमा प्रतिबन्ध लगाए पनि चुरोटमा भने प्रतिबन्ध लगाएको छैन । तर एक/दुई खिली किन्न भने रोक लगाएको छ, बरु बट्टा नै किन्नुपर्ने नियम लगाएको छ ।

व्यवसायी मालाकार भन्छन्, 'बट्टा त कमैले किन्छन्, किन्न पाउने भएपछि खिली कि बट्टा दुविधा हुनुभएन ।' बरु महानगरले धुमपान गर्न पाउने ठाउँ तोकिदिनुपर्ने मालाकारको भनाइ छ ।

उद्योग वाणिज्य संघ काठमाडौंले भने सरकारै पिच्छेको दोहोरो नीतिले व्यवसायी हतोत्साही भएको आरोप लगाएको छ । खैनी, सुर्ती, पान र पराग प्रयोग सर्न्दभमा केन्द्रीय सरकारले नै पुषसम्मको समयसीमा दिएको संघका उपाध्यक्ष दुर्गाराज श्रेष्ठ बताउँछन् । तर, स्थानीय सरकारबाट त्यो भन्दा पनि कडा निर्णय आएको भन्दै उनले यसको वैधानिकतामा प्रश्न उठेको बताए ।

'उद्योग खोल्न केन्द्र सरकारले अनुमति दिने तर त्यसको उत्पादन बिक्री गर्न स्थानीय तहले रोक्ने कार्य गलत हो', उपाध्यक्ष श्रेष्ठ भन्छन्, 'सरकार-सरकार बीचको विवादले व्यवसायी पलायन हुने र लगानी प्रभावित हुने वातावरण बनाउनु हुन्न ।'

(स्रोत: अनलाइनखबर)

थमन बिक हत्या :

प्रदेश सांसद शर्मासहित ७ जनालाई जन्मकैद

जनकपुरधाम/महोत्तरीमा ८ वर्षअघि भएको सशस्त्र प्रहरी बलका असई थमन बिक हत्या अभियोगमा जिल्ला अदालत महोत्तरीले ७ जनालाई जन्मकैदको सजाय सुनाएको छ । यही मुद्दामा प्रतिनिधि सभा सदस्य लक्ष्मी महतो कोइरीले भने सफाइ पाएका छन् ।

मधेश आन्दोलनका क्रममा २५ भदौ २०७२ मा महोत्तरीमा सशस्त्र प्रहरी बलका असई थमन बिककको हत्या भएको थियो । उक्त मुद्दामा २८ साउन २०७५ मा महोत्तरी जिल्ला अदालतमा २८ जनाविरुद्ध कर्तव्यज्यान मुद्दा दर्ता भएको थियो ।

बिहीबार जिल्ला न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले अभियुक्तहरु सञ्जयकुमार साह, प्रदीप साह माझी, मोहन ठाकुर, अभिराम शर्मा, धर्मेन्द्र राय, रामशंकर मिश्र र सुरेश पाण्डेलाई जन्मकैदको सजाय सुनाएको अदालतकी श्रेष्ठेदार नुतन झाले जानकारी दिइन् ।

जन्मकैदको सजाय सुनाइएका अभिराम शर्मा हाल मधेश प्रदेशसभामा लोकतान्त्रिक समाजवादी पार्टीको संसदीय दलका नेता छन् । त्यस्तै जन्मकैदकै सजाय पाएका रामशंकर मिश्र जलेश्वर नगरपालिकाका पूर्वमेयर हुन् ।

यो घटनामा महोत्तरी १ बाट प्रतिनिधिसभामा निर्वाचित लक्ष्मी महतो कोइरीले सफाइ पाएको श्रेस्तेदार झाले बताइन् । यो मुद्दामा जिल्ला अदालत महोत्तरीले थुनछेक आदेशपछि तीन जनालाई पुर्पक्षका लागि थुनामा पठाउन र चार जनालाई तारेखमा रिहा गर्ने आदेश दिएको थियो । दुईजना तारेख गुजारेर बसेका छन् भने १९ जना फरार छन् । फरार रहेकाहरुको हकमा भने फैसला मुल्तवीमा राखिएको छ । कर्तव्य ज्यान मुद्दामा सन्दीप साह माझी, सञ्जयकुमार साह र पवन कापर पुर्पक्षका लागि थुनामा छन् । मुद्दाको फैसला हुँदा कापरले भने सफाइ पाएका छन् ।

प्रतिनिधिसभा सदस्य लक्ष्मी महतो र मोहन ठाकुर तारिख गुजारेर फरार भएका थिए । त्यस्तै लोसपा मधेश प्रदेश संसदीय दलका नेता अभिराम शर्मा, जलेश्वर नगर पालिकाका पूर्व मेयर रामाशंकर मिश्र, सुरेश पाण्डे र धर्मेन्द्र राय साधारण तारेखमा छुटेका थिए ।

अभियुक्तहरु रमेशप्रसाद साह, सतेन्द्र चौधरी, चन्देश्वर साह, राजु चौधरी, नरेश साह, रामराजा साह, गोलु साह, हरिओमकुमार भगत, रविन्द्र राम चमार, रञ्जित साह, विकी साह, फुले यादव, रोहित कुमार शर्मा, लालबाबु बिन, शम्भु साह, अनित ठाकुर, अनिल ठाकुर, देवेन्द्र यादव र कौशल कुमार यादव फरार छन् ।

मधेश आन्दोलनको क्रममा २०७२ भदौ २५ गते हेटौंडाबाट संयुक्त राष्ट्रसंघीय मिसनका लागि परीक्षा दिएर ड्युटीको लागि महोत्तरी आएका असई थमन बिकमाथि महोत्तरीमा आन्दोलनकारीले आक्रमण गरेका थिए ।

घाइते बिकलाई जलेश्वर अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारको लागि एम्बुलेन्समा जनकपुर ल्याउँदै गर्दा महोत्तरीको सावित्र अनैठा गाविसमा आन्दोलन कारीले निकालेर कुटपिट गर्दा उनको ज्यान गएको थियो ।

(स्रोत: अनलाइनखबर)

'रङ्गेली'मा इन्सपेक्टर बनेका प्रवीणको चश्मामा देखिए दयाहाङ

काठमाडौं /आगामी फागुन २५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रङ्गेली' स्टारकास्टका कारण चर्चामा छ । हिटमा हृयाट्रिक गरिसकेको जोडी दयाहाङ राई र मिश्ना मगरको मुख्य भूमिका रहेको फिल्ममा अर्पण थापा भिलेन बनेका छन् । यस्तै, अर्का अभिनेता प्रवीण खतिवडाले पृहरी निरीक्षक (इन्सपेक्टर)को भूमिका निभाएका छन् । बिहीबार उनको क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको छ ।

दुईवटा पोस्टरमध्ये एउटामा उनी प्रहरीको ड्रेसमा प्रस्तुत छन् । उनले आँखामा लगाएको कालो चश्मामा दयाहाङ राईलाई धमिलो रुपमा ग्याङस्टार लुक्समा देख्न सकिन्छ । त्यसैगरी, दोस्रो पोस्टरमा प्रवीण सिभिल ड्रेसमा बन्दूक ताकेको अवस्थामा चित्रित छन् । उनलाई पोस्टरमा मान बहादुर ढकालको रुपमा चिनाइएको छ । फिल्ममा उनको भूमिका बलियो हुनसक्ने पोस्टरले संकेत गर्छ ।

अर्जुन सुवेदीको लेखन तथा निर्देशन रहेको 'रङ्गेली'का गीतमा हर्क साउद, अर्जुन सुवेदी र सबिन सिंहको शब्द रचना तथा सुशान्त गौतम र हर्कुलस बस्नेतको संगीत छ । जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा कार्यकारी निर्माता, संसार चौलागाईं र रमेश भट्टराई (वशिष्ठ) निर्माता तथा युवक कार्की र शिव शङ्कर चौलागाईं सह-निर्माता रहेको फिल्मलाई सुशन प्रजापतिले छायांकन गरेका हुन् ।

हिन्दी भाषामा 'परस्त्री' भारतको ओटीटीमा रिलिज

काठमाडौं/गत असारमा नेपाल र भारतका हलमा एकसाथ प्रदर्शनमा आएको फिल्म 'परस्त्री' भारतको ओटीटी प्लेटफर्ममा रिलिज भएको छ । फिल्म हिन्दी भाषामा बिहीबार एमएक्स प्लेयरमा उपलब्ध भएको हो । यो प्लेटफर्ममा हिन्दी फिल्म तथा सिरिजहरु नि:शुल्क हेर्न पाइने सुविधा छ । तर, नेपालमा यो एप वेब ब्राउजरमा भने खुल्दैन । प्ले स्टोरबाट एप डाउनलोड गरेर मात्र फिल्म हेर्न सकिन्छ ।

'परस्त्री' घरेलू बक्स अफिस र भारतमा असफल भएको थियो । फिल्म पृचारका लागि नेपालबाट धाएर निर्देशकदेखि कलाकारसम्म भारतका विभिन्न टेलिभिजन समेत पुगेका थिए । तर, भारतमा फिल्म एकदिन पनि टिक्न नसकेको बताइन्छ । यद्यपि, फिल्मको कथावस्तु तथा प्राविधिक पक्षको नेपालमा प्रशंसा भएको थियो । र, निर्देशनमा सुरज पाण्डेले पनि राम्रो सम्भावना देखाएका छन् ।

विवाहेत्तर सम्बन्धले निम्त्याउने पारिवारिक संकटको कथामा आधारित फिल्ममा शिल्पा मास्के, कोशिश क्षेत्री, गौरव विष्ट, अलिसा क्षेत्री, अशान्त शर्मा, रामबाबु रेग्मी, सरस्वती अधिकारी, झकेन बिसी लगायतको अभिनय छ । निरज कँडेलको छायांकन रहेको फिल्ममा शर्मिला पाण्डेको निर्माण र दीपेन्द्र के. खनालको लेखन छ । फिल्ममा शिल्पाले दिएको बोल्ड सिनको चर्चा भएको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

क्रिसमसको शुभकामना आदानप्रदान

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ पास्टर एकता जागृति अभियान दक्षिण भेग हेटौंडाको आयोजनामा बडादिन खीष्टमस महोत्सव सम्पन्न भएको छ । अभियानका अध्यक्ष दर्शन पाखिनको सभाध्यक्षता तथा मकवानपुरका अग्रज रेभरेण्ड पास्टर मानबहादुर थिङको प्रमुख आथित्यतामा कार्यक्रम भएको हो ।

लक्ष्मी तितुङले सहभीकरण गरेको कार्यक्रममा साल्वेशन चर्चका पास्टर दीपक भोलनले प्रार्थना, दक्षिण भेगका उपाध्यक्ष पास्टर रोन तामाङले स्वागत मन्तव्य दिएका थिए । एकता जवान संगतीका क्यापर झुण्डले विभिन्न क्रिसमस गीतहरु प्रस्तुत गर्दै प्रशंसाको भागलाई संचालन गरेको कार्यक्रममा हाँस्यकलाकार रुवेन खड्काले दर्शकलाई पेट मिचिमिचि हँसाएर भरपुर मनोरञ्जन दिएका थिए । पहिलो चरणमा मोटुपात्लुको अभिनय गर्दै मनोरञ्जन दिलाए भने दोस्रो चरणमा देशको अवस्था र क्रिसमसलाई लिएर प्रस्तुती दिदै दर्शकलाई मनोरञ्जन प्रदान गरे ।

कार्यक्रमका प्रमुख वक्ता तथा बेरिया चर्चका पास्टर महेश दोङले यस संसारको मुक्तिदाता प्रभु येशु खिष्टको शुभ जन्मदिन खिष्टमसको महत्व र मनाउनुको उद्देश्यबारे बताए । उनले क्रिसमसको सन्देश बाँड्दै येशु खीष्ट

संसारमा मानव जातिको लागि बलिदान दिनलाई आएको अनि पर मेश्वरले आफ्नो पुत्र येशुको माध्यमबाट मानव जातिलाई प्रेम गरेको बताए । क्रिसमस परमेश्वरको प्रेमको प्रतीक हो उनले भने,- 'यो समय परमेश्वरको प्रेम प्रदर्शन गर्ने समय हो भन्दै क्रिसमस वा खीष्टमस अब येशू खीष्टलाई पाइसकेकाहरुको जीवनबाट गवाही भएर देखिनुपर्छ ।'

उनले नेपाली दाजुभाइ, दिदीबहिनी तथा नेपालका सम्पूर्ण मण्डली परिवारमा सुःख शान्ति एवम् उत्तरउत्तर प्रगतिको शुभकामना सहित सु–सन्देश बाँडेका थिए । कार्यक्रमका सहभागी अतिथिले हाम्रो देश नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषताले भरिपूर्ण एक सुन्दर मुलुक भएको भन्दै इसाई धर्मावलम्बीको महान चाड क्रिसमसको उपलक्ष्यमा सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरु प्रति सुस्वास्थ्य, दीर्घायु, सुख, शान्ति, सम्वृद्धि र उत्तरोत्तर प्रगतिको कामना व्यक्त गरे ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका नगर कार्यपालिका सदस्य पातलीमाया गोम्बा, वडासदस्यहरु राजेन्द्र तितुङ, भिनु बिक, मकवानपुर ईसाई समाजका अध्यक्ष निमटोल्मा आचार्य, राष्ट्रिय खीष्टियन महासंघ मकवानपुर का अध्यक्ष नवराज घलान, मकवानपुर पास्टर एशोसियशनका अध्यक्ष सुवास गोपाली, एकता जवान संगतीका संस्थापक अध्यक्ष ईश्वर पाखिन, हेटौंडा उपमहानगरपालिका टोल विकास समवन्य समितिको सचिव हर्करत्न तितुङ, बडा टोल विकास समवन्य समिति अध्यक्ष सिंह विश्वकर्मालगायतका प्रतिनिधको सहभागिता रहेको थियो ।

चित्रेघानी सामुदायिक बन समूहका अध्यक्ष बालकुमार थापा, सोलिड्यारिटी स्कूलका संस्थापक ऋषिराम आचार्य, मकवानपुर इसाई एकता स्वतन्त्र दिदीबहिनी संगतीका अध्यक्ष कुमारी स्याङतान, एकता जवान संगतीका अध्यक्ष सुमन घलान, नेपाल खीष्टियन बाल संगतीका पास्टर महिमा लामा, मकवानपुर पास्टर एशोसियशनका निवर्तमान अध्यक्ष दीपक भोलन, हजुरको खबरका प्रमुख रुपक कालिराजलगायत विभिन्न चर्चका पास्टर, अगुवा, जवान, समाजसेवी बुद्धिजीवी वर्ग , राजनीतिक पार्टीका प्रतिनिधि, संघसंस्थाका प्रतिनिधिको उपस्थिति थियो ।

बकैया गाउँपालिकामा विद्युतीय हाजिरी अनिवार्य

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ मकवानपुरको बकैया गाउँपालिकाले डिजिटल हाजिरी सुरु गरेको छ । गाउँपालिकले रजिष्टरमा गर्ने हाजिरी पूर्णरुपमा हटाएर ई–हाजिरीमा ल्याण्चे लगाउन सुरु गरेको हो ।

पालिकामातहतका सबै कर्मचारीले अब ई–हाजिरी गर्नु पर्नेछ । ई–हाजिरीमा कर्मचारी कतिबेला उपस्थित भए, कतिबेला बिदा भए ? सबै देख्न सकिने बकैया गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले बताए । उनले कर्मचारीको अनुपस्थितिका कारणले सेवाग्राहीको काममा कुनैपनि समस्या नदेखियोस् र कर्मचारी कार्यालय समयभित्र कतै जान नसकुन् भनेर यो प्रविधि लागू गरिएको जानकारी दिए ।

कर्मचारीले बिदा लिनका लागि छुट्टै निवेदन लेखेर कार्यालय प्रमुखसँग पुनपुर्ने बाध्यता पनि हटेको छ । सबै कर्मचारीका लागि छुट्टाछुट्टै पासवर्ड व्यस्था गरिएको र त्यहीँबाट आफ्नो बिदाको निवेदन पठाउन सकिने प्रणालीको व्यवस्था मिलाइएको पालिका सूचना अधिकारी सन्तोष पाण्डेले जानकारी दिए । आएको निवेदनको आधारमा बिदा स्वीकृत वा अस्वीकृत भएको सबै यही प्रविधिबाटै गर्न सकिने उनको भनाइ छ ।

सबै वडा कार्यालयका कर्मचारी र स्वास्थ्य संस्थाका कर्मचारी सबै कतिजना उपस्थिति भए कति भएनन् । समयमा आएआएनन् सबै गाउँपालिकामै बसेर हेर्न सकिने पाण्डेले जानकारी दिए । कर्मचारी फिल्डमा जाँदा पालिका वा सम्बन्धित वडालाई जानकारी गराएर म्यानुअल हाजिरी गर्न सकिने व्यवस्था पनि गरिएको छ । पुरानो ढड्डा शैलीलाई फेर्दै पालिकाले आधुनिक प्रणाली अपनाएको प्रति कर्मचारीहरु पनि सहज भएको बताउँछन् । १२ वटा वडा रहेको बकैयामा करिब डेढ सय कर्मचारी कार्यरत छन् ।

मनहरीमा हात्ती आतंक

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ चितवन राष्ट्रिय निकुञ्जको बाघले मकवानपुरको मनहरीमा दुईजनाको ज्यान लिएको पीडादायी घटना सेलाउन नपाउँदै फेरि हात्तीको आतंक सुरु भएको छ ।

विगत दुई सातादेखि मनहरी गाउँपालिका वडा नं.६,७,८ र ९ क्षेत्रमा निकुञ्जबाट आएको यमगज नामक जंगली हात्तीले वितण्डा मच्चाइरहेको स्थानीयले बताएका छन् । हात्तीले स्थानीयको बासस्थान (घर) भत्काउने र खेतबारीमा लगाएका अन्तपात तथा घरमै भण्डारण गरी राखेको धानमकै क्षति पुऱ्याएको छ । हात्तीको आक्रमणबाट ज्यान जाने डरले र तको समयमा स्थानीयबासी ढुक्क भएर सुत्न समेत पाएका छैनन् ।

गएको सोमबार मनहरी गाउँपालिका–८ चिसापानीमा राती १० बजे स्थानीय जमुनाकुमारी अधिकारीको घरमा हात्तीले आक्रमण गरेको थियो । काठको बार, टिनले छाएको दुईकोठे घरमा क्षति पुगेको

छ । त्यतिबेला हात्तीलाई स्थानीयको सहयोगमा प्रहरीले जंगलतर्फ लखेटे । तर, त्यसको भोलिपल्टै राती मनहरीकै वडा नं.७ रमौलीमा स्थानीय चेपाङसिंह तामाङको घरमा हात्तीले तामाङको भान्सा र घर भत्काएर घरमा रहेको ४ बोरा धान पनि खाईदियो । हात्तीको आक्रमणबाट ज्यान जोगाउन भाग्ने क्रममा चेपाङसिंहका श्रीमती र छोरा सामान्य घाइते हुन पुगेका छन् ।

'हात्तीले पहिला भान्सा भत्कायो, त्यसपछि घर, चोटामा राखेको चारबोरा धान खेतमा लगेर खाईदियो,' तामाङले थपे, 'त्यो धान सकेपछि फेरि घरमा आयो, ज्यान जोगाउन भाग्दा छोराको हात र श्रीमतीको खुट्टामा चोट बोक्न पुगे ।' निकुञ्जबाट मानव क्षीमा आहाराका खोजिमा पसेका हात्तीले खेतबारीमा अन्नपात नभेटेपछि घरमा आक्रमण गरेको अनुमान छ । चितवन राष्ट्रिय निकुञ्ज र जनप्रतिनिधिसहितको टोली क्षतिको बिवरण संकलन गरिसकेको बताइएको छ । गतवर्ष हात्तीकै आक्रमणमा परी मकवानपुरमा दुईजनाको ज्यान गएको थियो ।

कोदोखेती गर्ने किसानलाई भीमफेदीको अनुदान

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ भीमफेदी गाउँपालिका वडा नम्बर ३ मा रैथाने बाली कोदो उत्पादन गर्ने कृषकलाई नगद अनुदान वितरण गरिएको छ ।

बुधवार गाउँपालिकाको अध्यक्ष हिदम लामा, ४ नम्बर वडाअध्यक्ष सागर पाण्डेलगायत गाउँपालिकाको कृषि प्राविधिक सहितको टोली वडा कार्यलयमै गएर कोदो उत्पादन गर्ने किसानलाई अनुदान वापतको नगद वितरण गरिएको अध्यक्ष लामाले बताए । यस वर्ष गाउँपालिकाको प्रोत्साहन अनुदान कार्यक्रमको प्रभावले भीमफेदी गाउँपालिकामा रैथाने बाली कोदो उत्पादनमा उल्लेखनीय बृद्धि भएको अध्यक्ष लामा बताउँछन् ।

लामाको अनुसार १ हजार ६० रोपनी जग्गामा २ सय ६६ जना कृषक परिवारले कोदोखेती लगाएका छन् जस वाट १ सय मेट्रिकटन कोदो उत्पादन हुने आंकलन गरिएको छ । चालु आर्थिक वर्षमा गाउँपालिकाबाट २० लाख रुपैयाँ कोदो उत्पादनमा आधारित अनुदान कार्यक्रम पालिकाले सञ्चालन गरेको अध्यक्ष लामाले बताए । खडेरीका कारण मकै उत्पादनमा ह्रास आएपछि पालिकाभित्र सम्भावित खाद्यान्न संकट टार्न पालिकाको किसानलाई कोदो उत्पादनले थेग्ने विश्वास लिएको लामाले बताए ।

अनुदानबाट लाभान्वित हुने बाहेक पनि कोदोखेती गर्ने कृषक भएकोले पालिकाभित्र करिब २ हजार रोपनी भन्दा बढी कोदोखेती भइरहेको कृषि शाखाको प्रतिवेदनमा उल्लेख छ । बिगतका वर्षहरुमा कोदेलाई कुअन्नको रुपमा लिइन्थ्यो । तर, हिजोआज कोदोको परिकालाई पौष्टिकतत्वयुक्त मानिन्छ ।

विद्यालय तहमै टुरिजम क्लब गठन गर्दै थाहानगर

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ टुरिजम रिसर्च एण्ड ट्रेनिङ इन्स्टिच्युट र नेपाल टुरिजम बोर्ड तथा सस्टेनएक्ल टुरिजम फर लिभिङउड रिकभरी प्रोजेक्ट युएनडिपीको संयुक्त कार्यक्रमअन्तर्गत थाहानगरको जनकल्याण माविमा ११ सदस्यीय नेशनल सस्टेनएक्ल टुरिजम क्लब गठन भएको छ ।

विद्यालयका प्रधानाध्यापक सानोभाइ कार्कीको संरक्षकत्वमा क्लब गठन गरिएको हो । विद्यालयमा गठित क्लबका संयोजक रामकुमार बल रहेका छन् । क्लबमा विवेककुमार जैसवाल,

विराज बिक, युनिशा डिमड्डु, आइशा बल, अजवीर कार्की, स्मृति तामाङ, आदित्य कुँवर, प्रियतना स्याङ्तान र हिसिला श्रेष्ठ रहेका छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजीवकुमार स्याङ्तानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि जिटिटिपि नेपालका निर्देशक मदन कुमार बराल, विशिष्ट अतिथि टिआइका कार्यक्रम निर्देशक सरोज प्याकुरेल अतिथि प्राध्यापक सानोभाइ कार्की, सहायक प्राधानाध्यापक कृष्ण बहादुर विष्ट र मनोज रायमाझी रहनुभएको कार्यक्रम शशीकला काफ्लेले कार्यक्रम सहजीकरण गर्नुभएको थियो।

कार्यक्रममा विद्यालय पर्यटन सूचना अन्तर्गत बागमती प्रदेशको पर्यटन र सम्भावना विषयक वक्तित्वकलाको समेत आयोजना गरिएको विद्यालयका सहायक प्रधानाध्यापक मनोज रायमाझीले जानकारी दिनुभयो।

मानवसेवा आश्रमको केन्द्रीय कार्यालय भवन उद्घाटन शनिवार

प्रधानमन्त्री 'प्रचण्ड' हेटौंडा आउँदै

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' यही मंसिर शनिवार हेटौंडा आउने भएका छन् । मानवसेवा आश्रमको नवनिर्मित भवनको समुद्घाटन समारोहमा प्रमुख आतिथ्यता गर्ने गरी प्रधानमन्त्री प्रचण्ड हेटौंडा आउने भएका हुन् ।

मानवसेवा आश्रमले बिहीबार आयोजना गरेको वार्षिक प्रतिवेदन सार्वजनिक कार्यक्रममा बोल्दै आश्रमका अध्यक्ष रामजी अधिकारीले प्रचण्डसहित गृहमन्त्री नारायणकाजी श्रेष्ठ, अर्थमन्त्री पकाशशरण महतलगायतको उपस्थितिमा भवन उद्घाटन गरिने जानकारी दिए । ३० गते बिहान ८ बजे भवन उद्घाटन गर्नेगरी कार्यतालिका तय गरिएको उनले बताए । आश्रमले गत आर्थिक वर्ष २०७९/८० मा मुख्य कार्यालयको भवन निर्माण समपन्न गरेको, आवश्यकताका आधारमा छुट्टाछुट्टै भवनमा बालगृह सञ्चालन गरिएको, ज्येष्ठ नागरिक मनोरञ्जन केन्द्र निर्माणको कार्य सुरु गरिएको, बगैंचाको निर्माणलगायतका कामहरु भएको प्रतिवेदनमा उल्लेख छ ।

आश्रमले हालसम्म १ हजार ५ सय ८१ सहयोगापेक्षी सडक आश्रित मानवको उद्दार गरेको जनाइएको छ । त्यस्तै ८ सय ३६ पारिवारिक पुनर्मिलन, १ सय ८४ शरीर शान्त, ५१ सामुदायिक पुनर्मिलन र ३४ जनाको पुन:उद्दार गरिएको बताइएको छ । ४ सय २० जनाले स्वेच्छाले आश्रम छोडेर गएको विवरण प्रतिवेदनमा उल्लेख छ । आर्थिक वर्ष २०७९/८० मा २४ महिला र ३१ पुरुष गरी ५५ जना सडकआश्रित मानवको उद्दार गरिएको थियो । सोही आर्थिक वर्षमा १८ जनाले स्वेच्छाले आश्रम छाडेर गएका छन् भने २३ जनाको पारिवारिक पुनर्मिलन र ४ जना समुदायमा पुनर्स्थापना भएका छन् ।

गत आर्थिक वर्षमा मानवता प्रर्वद्धनका लागि नेपथ्य लाईभ कन्सर्ट, आमा सेमिनार, नियमित उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन र संस्थागत सहकार्य जस्ता कार्यक्रमहरु भएको अधिकारीले जानकारी दिएका छन् । 'हामीले साप्ताहिक रुपमा सडक अवलोकन, सहयोगापेक्षीको खोजी, उद्दार, संरक्षण र पारिवारीक पुनर्मिलन कार्य गरीरहेका छौं। स्वास्थ्य शिविर संचाललनन र बालबालिकाका लागि शाखाभित्रै अतिरिक्त कियाकलापहरु समयसमयमा गरिरहेका छौं'-अध्यक्ष अधिकारीले बताए । आश्रमलाई थप सुरक्षित बनाउन सीसी टिभी जडान गरिएको व्यहोरा उनले अवगत गराए ।

आश्रममा २ करोड ४७ लाख ५६ हजार १ सय ५० रुपैयाँ दान तथा चन्दा उपलब्ध भएको आश्रमको प्रतिवेदनमा उल्लेख छ । २ करोड ९२ लाख ४७ हजार ४३ रुपैयाँ कुल आम्दानी भएकोमा ३ करोड ७१ लाख ९१ हजार ७ सय ९७ रुपैयाँ कुल खर्च भएको व्यहोरा प्रतिवेदनमा उल्लेख छ । त्यस्तै भौतिक संरचना निर्माणका लागि १ करोड १७ लाख ७३ हजार ५ सय ७० रुपैयाँ सरकारी निकायबाट सहयोग भएको छ भने जनस्तरबाट ११ करोड ९१ लाख २६ हजार ९ सय ५९ रुपैयाँ संकलन भएको जनाइएको छ ।

अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईं, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरीउपरीक्षक सीताराम रिजाल, शसत्र प्रहरी उपरीक्षक अनिल कार्की, सामाजिक विकास मन्त्रालय बागमती प्रदेश महाशाखा प्रमुख चन्दा व्यञ्जनकार, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख अमृत अधिकारी हेटौडा-९ का वडासदस्यहरु लगायतको उपस्थिति रहेको थियो ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट

Ready To Eat

हाम्रा विशेषताहरु:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना